परवानीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २, परवानीपुर, बारा संख्याः १ मितिः २०७८।०९।२०

भाग–१

## परवानीपुर गाउँपालिका शिक्षा ऐन, २०७७

# परवानीपुर गाउँपालिका शिक्षा ऐन, २०७७

**प्रस्तावना :** नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र परवानीपुर गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधान (२०७२) को धारा २२६ र स्थानीय सरकार संञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी परवानीपुर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम “परवानीपुर गाउँपालिका शिक्षा ऐन,२०७७” रहेको छ।

(२) यो ऐन परवानीपुर गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **परीभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) “ऐन” भन्नाले परवानीपुर गाउँपालिका शिक्षा ऐन सम्झनुपर्छ ।

(ख) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ग) “प्रदेश शिक्षा ऐन” भन्नाले प्रदेश नं.२ को संसदले बनाएको शिक्षा ऐन सम्झनुपर्छ ।

(घ) “गाउँपालिका” भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको परवानीपुर गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) “कार्यपालिका” भन्नाले परवानीपुर गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) “विद्यालय शिक्षा” भन्नाले आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(छ) “प्रारम्भिक बाल शिक्षा” भन्नाले चार वर्ष उमेर पुरा भई पाँच वर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि दिइने प्रारम्भिक बाल शिक्षालाई सम्झनुपर्छ ।

(ज) “आधारभूत शिक्षा” भन्नाले बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(झ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन,बहिरा,अटिजम,बौद्धिक अपाङ्गता,सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ट) “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :

(१) दृष्टिविहिन,न्युन दृष्टियुक्त,बहिरा,अटिजम,बौद्धिक अपाङ्गता,सुस्त श्रवण वा अति अशक्त शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा ,

(२) सामाजिक,आर्थिक वा भौगोलिक कारणाले पछाडि परेका व्यक्तिलाई विभेदरहित् वातावरणमा दिइने शिक्षा ।

(ठ) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भनाले प्राविधिक ज्ञान,सीप तथा विषयवस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

(ड) “विद्यालय” भन्नाले सामुदायिक,संस्थागत र परम्परागत एवं धार्मिक विद्यालय सम्झनुपर्छ ।

(ढ) “सामुदायिक विद्यालय” भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ण) “संस्थागत विद्यालय” भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(त) “प्रारम्भिक बाल शिक्षा केन्द्र” भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र,नर्सरी,किन्डरगार्टेन र मन्टेश्वरी शिक्षा लगायतलाई सम्झनुपर्छ ।

(थ) “आधारभूत विद्यालय” भन्नाले खण्ड (ज) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(द) “माध्यमिक विद्यालय” भन्नाले खण्ड (ज) र (झ) वा खण्ड (झ) बमोजिमको दिइने विद्यालय सम्झनुपर्छ ।

(ध) “धार्मिक विद्यालय” भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, गुम्बा, आश्रम र मदरसा जस्ता धार्मिक विद्यालय सम्झनुपर्छ ।

(न) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार,प्रदेश सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनुपर्छ।

(प) “मन्त्रालय” भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्भनुपर्छ ।

(फ) “प्रदेश मन्त्रालय” भन्नाले प्रदेश नं.२ को शिक्षा हेर्ने मन्त्रालय सम्भनुपर्छ ।

(ब) “शिक्षक सेवा आयोग” भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्तिको लागि सिफारिश गर्ने आयोग सम्झनुपर्छ ।

(भ) “पाठ्यक्रम विकास केन्द्र” भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्छ ।

(म) “विद्यालय शिक्षक किताबखाना” भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालय शिक्षक किताबखाना सम्भनुपर्छ ।

(य) “अध्यक्ष” भन्नाले परवानीपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(र) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले परवानीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ल) “शिक्षा शाखा” भन्नाले परवानीपुर गाउँपालिकाको शिक्षा,यूवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

(व) “शाखा प्रमुख” भन्नाले परवानीपुर गाउँपालिकाको शिक्षा,यूवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुख भई कामकाज गर्न तोकिएको नेपाल शिक्षा सेवा/शिक्षा प्रशासन समुहको अधिकृतस्तर( छैठौं/सातौं/आठौं तह )को कर्मचारीलाई सम्झनुपर्छ ।

(व१) “ शिक्षा अधिकृत” भन्नाले नेपाल शिक्षा सेवा/शिक्षा प्रशासन समुहको अधिकृतस्तरको कर्मचारीलाई बुझाउँछ ।

(श) “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्त भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ष) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(स) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु वा आमा वा बाबुतर्फको बाजे वा बज्यैलाई जनाउँछ ।

(ह) “कर्मचारी” भन्नाले विद्यालयमा कार्यरत् शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(क्ष) “माध्यमिक शिक्षा उतिर्ण परीक्षा” भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(त्र) “आधारभूत शिक्षा उतिर्ण परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ज्ञ) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(ज्ञ१) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(ज्ञ२) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी शैक्षिक गुठी सम्झनुपर्छ ।

(ज्ञ३) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(ज्ञ४) “शिक्षा समिति” भन्नाले यसै ऐन बमोजिम गठन भएको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ञ५) “परीक्षा समिति” भन्नाले आधारभूत शिक्षाको अन्त्यमा लिइने परीक्षा संचालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ ।

(ञ६) “व्यवस्थापन समिति” भन्नाले यसै ऐन बमोजिम विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ञ७) “शुल्क” भन्नाले तोकिए बमोजिमका विद्यालयले नियम अनुसार विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(ञ८)“संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ञ९) “स्थानीय सरकार सञ्चालन ऐन” भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सम्झनुपर्छ ।

(ञ१०) “सभा” भन्नाले परवानीपुर गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ञ११) “स्थानीय तह” भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।

(ञ१२) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली,निर्देशिका,कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्ने** : (१) गाउँपालिका बाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न ,कक्षा थप र तह थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिश सहित तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिंदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी वा सहकारी कुन रुपमा सञ्चालन गर्ने हो,सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शिक्षा शाखा प्रमुखले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पूरा गरेमा गाउँ कार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यलाय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयलको माग मनासिब देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय ,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) (क) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई गाउँपालिकामा दर्ता गराउनुपर्नेछ ।

(ख) शैक्षिक गुठी निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

(ग) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) निजी स्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम हुनेछ ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल,मदरसा,गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रिया पूरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र ( २)बमोजिम नै हुनेछ ।

(११) प्रचलित नेपाल कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२) उपदफा (९) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **विशेष शिक्षा,समावेशी शिक्षा,अनौपचारिक शिक्षा,निरन्तर शिक्षा,दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा,समावेशी शिक्षा,दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जनसुकै कुरा लेखिएको भएता पनि विशेष शिक्षातर्फ अध्ययनरत् बालबालिकाको लागि पाठ्यक्रम,पाठ्यपुस्तक,सिकाई सहजीकरण प्रक्रिया र मूल्यांकन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) गाउँपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्रमार्फत साक्षरोत्तर एवं निरन्तर शिक्षा लगायका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(५) तोकिएको पूर्वाधार पूरा गरेको पाइएमा गाउँपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(६) विशेष शिक्षा,समावेशी शिक्षा,अनौपचारिक शिक्षा,निरन्तर शिक्षा र दूर तथा खुल्ला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५.** **शिक्षाको प्रकार** : (१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभूत शिक्षा : (१) साधारण शिक्षा
(२) परम्परागत धार्मिक विद्यालय शिक्षा
(३) संस्कृत आधारभूत शिक्षा

(ख) माध्यमिक शिक्षा : (१) साधारण शिक्षा
(२) संस्कृत माध्यमिक शिक्षा
(३) प्राविधिक तथा व्यवसायिक शिक्षा

**६.** **शिक्षाको माध्यम** : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था गाउँपालिकाको समन्वयमा विद्यालयले मिलाउनुपर्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**७.** **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** : (१) विद्यालयले संघीय सरकार,प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठ्क्रम,पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गनुपर्नेछ ।

(२) पाठ्क्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानून र प्रदेश कानूनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

**८.** **गाउँ शिक्षा समिति** : १) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भईरहेका र स्थापना हुने विद्यालयको सञ्चालन, व्यवस्थापन,रेखदेख र समन्वय लगायतका कार्य गर्नका लागि देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ ।

क) अध्यक्ष,परवानीपुर गाउँपालिका अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत,परवानीपुर गाउँपालिका सदस्य

ग) समाजसेवी,शिक्षा प्रेमी वा चन्दादाताहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको कम्तिमा १/१ जना महिला र दलित सहित ४ जना सदस्य

घ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना सदस्य

ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको

१ जना सदस्य

च) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको

१ जना सदस्य

छ) नेपाल शिक्षक महासंघको गाउँपालिकास्तरीय समितिको अध्यक्ष वा निजले तोकेको समितिको पदाधिकारी सदस्य

ज) शिक्षा शाखा प्रमुख सदस्य –सचिव

२) समितिमा मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

४) गाउँ शिक्षा समितिको काम,कर्तव्य र अधिकार : प्रचिलत कानून बमोजिम अन्यत्र लेखिएका बाहेक गाउँ शिक्षा समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

क) बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य रुपमा हासिल गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

ख) विद्यलायमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर,जात,लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइराख्ने,

ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइराख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

घ) स्थानीय स्रोत,साधनको पहिचान र परिचालनमा पुर्‍याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

ङ) गरिबीको रेखामुनी रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक,शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामुलक कार्यक्रम,तालिम,गोष्ठी र सेमिनार आदि सञ्चालन गर्ने,

ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

ञ) गाउँपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

ट) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

ठ) विद्यालयको लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने,

ड) विद्यालयस्तरीय अन्तर विद्यालय खेलकुद तथा अतिरिक्त क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सो का लागि पुरस्कारको व्यवस्था गर्ने,

ढ) आफ्नो क्षेत्रभित्रका बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच बढाउनका लागि आवश्यक व्यवस्था गर्ने,

ण) आफ्नो क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा,गुरुकुल,मदरसा,गुम्बा आदिबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

त) विद्यालयहरुको विपद् जोखिम अवस्थाको लेखाजोखा गरी प्रभाव न्युनीकरणका कार्ययोजना तयार गर्ने,

थ) विद्यालय शिक्षामा सुधारका लागि गाउँ शिक्षा नीति तथा योजना बनाई स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने,

द) आफ्नो सेवा क्षेत्रभित्र विद्यालय सञ्चालन अनुमति,स्वीकृति,विद्यालय सार्ने,गाभ्ने लगायतका कार्य गर्ने गराउने,

ध) आफ्नो सेवा क्षेत्रभित्रका शिक्षक,कर्मचारीहरुको विवरण अद्यावधिक गराउने,रिक्त स्वीकृत दरबन्दीमा स्थायी नियुक्तिका लागि सिफारिश गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

न) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीका लागि समितिको राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यवाही गर्ने,गराउने,

प) गाउँ सभाको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

फ) विद्यालय नक्सांकन तथा समायोजन सम्बन्धी कार्य गर्ने,

ब) गाउँ शिक्षा समितिको अन्य काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**९. शिक्षा शाखा प्रमुखको काम,कर्तव्य र अधिकार अन्यत्र लेखिएको बाहेक देहाय अनुसार हुनेछः**

क) गाउँपालिकास्तरीय शिक्षा योजना तथा कार्यक्रम तर्जुमा गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकामा पेश गर्ने,

ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने/गराउने,

घ) गाउँपालिका,गाउँ शिक्षा समिति तथा प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव र परामर्श दिने,

ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्यांकनका लागि तोकिए बमोजिम कार्य गर्ने र सम्बन्धित माथिल्लो निकायमा पठाउने,

च) गाउँ शिक्षा समिति र पालिका शिक्षक छनौट तथा वितरण समितिको सदस्य–सचिव तथा आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको संयोजकको भूमिका निर्वाह गर्ने,

छ) शिक्षा शाखा प्रमुखको अन्य काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१०. गाउँ शिक्षा समितिको बैठक** : (१) गाउँ शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ ।

२) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

३) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. परीक्षाको सञ्चालन र व्यवस्थापन** : १) माध्यमिक शिक्षाको कक्षा १० र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

२) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिकास्तरीय हुनेछ ।

३) उपदफा (२) बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको एक आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति गठन गरिनेछ ।

क) शिक्षा शाखा प्रमुख,परवानीपुर गाउँपालिका — संयोजक

ख) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुको प्रधानाध्यापकहरु मध्येबाट परीक्षा समितिले मनोनित गरेको दुई जना — सदस्य

ग) गाउँपालिकाभित्रका संस्थागत विद्यालयहरुको प्रधानाध्यापकहरु मध्येबाट परीक्षा समितिले मनोनित गरेको एक जना सदस्य

घ) संयोजकले तोकेको शिक्षा शाखाको कर्मचारी एक जना सदस्य–सचिव

४) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

६) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७) आधारभूत तह उतीर्ण परीक्षा समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

ख) गाउँपालिकाले तोकेको न्युनत्तम शैक्षिकस्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफैं वा समूहगत रुपमा सञ्चालन गर्न अनुमति दिने,

ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

घ) प्रश्नपत्र निर्माण,उत्तरकुञ्जिका निर्माण,उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

ङ) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

च) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

छ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

झ) दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

ञ) नेपाल सरकार,प्रदेश सरकार तथा गाउँपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने,

ट) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**<u>१२.</u>** **<u>गाउँ शिक्षा कोष</u>** : १) सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्य गर्न तथा आधारभूत तहको परीक्षा सञ्चालनमा सहयोग पुर्‍याउन गाउँपालिकामा एक गाउँ शिक्षा कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :–

क) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

ख) संस्थागत विद्यालयबाट प्राप्त तोकिए बमोजिमको रकम,

ग) शिक्षा समिति तथा परीक्षाको निर्णयानुसार प्राप्त हुने रकम,

घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन,व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

**१३. विद्यालय व्यवस्थापन समिति** : १) सामुदायिक विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दुई जना महिला सहित चारजना सदस्य

ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य सदस्य

ग) विद्यालयका संस्थापक,स्थानीय बुद्धिजीवी,शिक्षा प्रेमी,विद्यालयलाई निरन्तर १० वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना सदस्य

घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक सदस्य

२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछ ।

३) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वबणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क),(ख) र (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६) सम्बन्धित विद्यालय निरीक्षक वा सो नभएमा शिक्षा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

७) संस्थागत विद्यालयको संचालन,रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) विद्यालयका संस्थापक,लगानीकर्ता वा अभिभावकहरुमध्येबाट विद्यालयको सिफारिशमा गाउँपालिकाले मनोनित गरेको व्यक्ति अध्यक्ष

ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना महिला सहित दुईजना सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य सदस्य

घ) शिक्षा शाखा प्रमुखले तोकेको एकजना कर्मचारी सदस्य

ङ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना सदस्य

च) विद्यालयको प्रधानाध्यापक सदस्य–सचिव

८) उपदफा (१),(४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक,पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन।

९) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

क) विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्ने,

ख) विद्यालयको लागि चाहिने आर्थिक तथा भौतिक स्रोत साधन जुटाउने तथा परिचालन गर्ने

ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

घ) शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,

ङ) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने,

च) नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दी र राहत अनुदान कोटाको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिन भित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकामा लेखि पठाउने,

छ) विद्यालयको चल,अचल सम्पतिको लगत राख्ने,राख्न लगाउने र सुरक्षा गर्ने,

ज) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपाल कानून बमोजिम विभागीय कारवाही गरी त्यसको जानकारी गाउँपालिकालाई दिने तथा आफूलाई कारवाही गर्न अधिकार नभएको विष्मयमा कारवाहीका लागि आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन गाउँपालिकामा पठाउने,

झ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने/गराउने,

ञ) विद्यालयको शैक्षिकस्तर अभिवृद्धि गर्न आवश्यक शैक्षिक सामग्रहरुको व्यवस्था गर्ने,

ट) नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिकाबाट संचालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

ठ) शिक्षक,कर्मचारी तथा विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्ने,

ड) शिक्षक तथा कर्मचारीहरुको अभिलेख अद्यावधि गराई राख्ने,

ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धि र अगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

ण) शिक्षा शाखाबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

त) विद्यार्थी,शिक्षक,कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

द) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युत्तीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

ध) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित राख्न लगाउने,

न) गाउँपालिकासँग समन्वय गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने,

प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा गाउँपालिकामा माग गर्ने,

फ) वार्षिक रुपमा विद्यालयको लागि आवश्यक मालसामान,मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

ब) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा,शर्त तथा विभागीय कारवाही व्यवस्थित गर्न कार्यविधि बनाई शिक्षा शाखामार्फत गाउँपालिकाबाट स्वीकृत गराई लागु गर्ने,

भ) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम,कर्तव्य र जिम्मेवारी पूरा नगरेमा यस ऐन, अन्य प्रचलित कानून तथा तोकिए बमोजिम दण्ड सजाय गर्ने वा सिफारिश गर्ने,

म) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायहरुमा प्रतिवेदन गर्ने,

य) स्थायी नियुक्ति भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउने,

र) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

ल) गाउँपालिका,गाउँ शिक्षा तथा शिक्षा शाखाले दिएको निर्देशनहरु पालना गर्ने,

व) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१०) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. वडा अध्यक्षको शिक्षा सम्बन्धी काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।**

**१५. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** : (१) देहायको अवस्था वा तोकिएको जिम्मेवारी पूरा नगरेमा सो को कारण खुलाई शिक्षा शाखा प्रमुखको सिफारिशमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

ग) नेपाल सरकार,प्रदेश सरकार वा गाउँपालिकाको नीति विपरित काम गरेमा,

घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा वा

ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न र नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढीमा ६ महिनाको हुनेछ ।

३) उपदफा (२) बमोजिम अस्थायी विद्यालय व्यवस्थापन समिति पनि गठन हुने अवस्था नभएमा वा व्यवस्थापन समिति गठन नभएको अवस्थामा विद्यालय रहेको वडाको वडा समितिलाई गाउँ शिक्षा समितिले विद्यालयको व्यवस्थापन समितिको कार्य गर्न जिम्मेवारी दिन सक्नेछ ।

**१६. प्रत्येक सामुदायिक विद्यालयमा एक शिक्षक अभिभावक संघ रहनेछ । शिक्षक अभिभावक संघको गठन ,काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।**

**१७. विद्यालयको सम्पत्ति** : (१) विद्यालयको नाममा रहेको चल,अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र पदीय दायित्व प्रधानाध्यापकको हुनेछ ।

२) सामुदायिक विद्यालयको चल,अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस

ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल,अचल सम्पत्तिको व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

३) शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित संस्थागत विद्यालयको चल,अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरुप गाउँपालिकाको स्वीकृति विना परिवर्तन हुने छैन ।

४) कम्पनीको रुपमा सञ्चालित संस्थागत विद्यलायको सम्पत्ति कम्पनीको नाममा रहनेछ।

५) संस्थागत विद्यलायले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल,अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ।

६) उपदफा (५) बमोजिमको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर सट्टापट्टा र बेचविखन गर्न पाईने छैन ।

७) विद्यलायको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८.** **विद्यालयको वर्गीकरण** : (१) विद्यालयलाई तोकिएको आधारमा देहाय अनुसार वर्गीकरण गरिनेछ :–

क) सामुदायिक विद्यालय

ख) संस्थागत विद्यालय

ग) शैक्षिक गुठी विद्यालय : शैक्षिक गुठी निजी र सार्वजनिक शैक्षिक गुठी विद्यालय गरी दुई किसिमको हुनेछ ।

**१९.** **निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्था** : १) नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीबाट कुनै किसिमको शुल्क लिन पाउने छैन ।

२) कुनै संघ संस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान,उपहार,चन्दा वा सहयोग लिन सकिनेछ ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपी तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपट भर्ना शुल्क लिईसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि भर्ना शुल्क लिन पाउने छैन ।

६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

७) **संस्थागत विद्यालयले** लिन पाउने तोकिए बमोजिमको शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृति दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

८) **संस्थागत विद्यालयले** लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली,निर्देशिका,कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनेछ ।

१०) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पचास हजार रुपैंयासम्म जरिवाना गर्न सक्नेछ ।

**२०. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सकिनेछ ।

२) **संस्थागत विद्यालयले** प्रत्येक कक्षामा प्रथम,द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमशः शतप्रतिशत,पचास प्रतिशत तथा पच्चिस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

३) **संस्थागत विद्यालयले** विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी विपन्न तथा गरिब,महिला,जनजाति,दलित,अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई तोकिए बमोजिम निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

४) **संस्थागत विद्यालयमा** तोकिए बमोजिमको एक **छात्रवृत्ति छनौट समिति** रहनेछ ।

५) सामुदायिक विद्यालयमा छात्रवृत्ति वितरण गर्दा तथा संस्थागत विद्यालयमा छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा शिक्षा अधिकृत वा शिक्षा शाखाको एकजना प्रतिनिधिलाई आमन्त्रण गर्नुपर्नेछ ।

६) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ ।

७) उपदफा (३) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधारहरु तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनुपर्ने** : (१) सबै अभिभावकले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा र पाँच वर्ष उमेर पूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा गाउँ शिक्षा समिति,सम्बन्धित वडाको वडा अध्यक्ष,शिक्षा अधिकृत/विद्यालय निरीक्षक तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालय पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई,विशेष सहयोग तथा उत्प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम सम्झाई,बुझाई गर्दा पनि बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई गाउँपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाबाट वञ्चित गर्न सकिनेछ।

५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन अध्यापन गराउनुपर्नेछ ।

६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व गाउँ शिक्षा समितिको हुनेछ ।

**२२. विद्यालय खोल्न,कक्षा थप गर्न,सार्न,गाभ्न,समायोजन गर्न,कक्षा वा तह घटाउन वा बन्द गर्न,विद्यालयको नाम परिवर्तन गर्न सक्ने** : (१) गाउँपालिकाले गाउँ शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न,कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन,विद्यालयको नाम परिवर्तन गर्न,सञ्चालन भईरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न,दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न,एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न तथा कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

२) गाउँपालिकाले दुई वा सो भन्दा बढी विद्यालयहरुलाई एक आपसमा गाभेर वा समायोजन गरी एकिकृत आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न सक्नेछ ।

३) विद्यालय खोल्ने,कक्षा थप गर्ने,विद्यालयको नाम परिवर्तन गर्ने,सार्ने,गाभ्ने,समायोजन गर्ने,कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था** : (१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको निवेदन फाराम भरी गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतसँगको समन्वयमा शिक्षा शाखा प्रमुखले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ । तर त्यसरी सरुवा गर्दा यदि निवेदक शिक्षक अन्यत्र पालिकामा कार्यरत रहेको छ भन्ने निज कार्यरत स्थानको नगरपालिका वा गाउँपालिकाको सहमति लिई गाउँ शिक्षा समितिको निर्णय बमोजिम अन्तर पालिका शिक्षक सरुवा गर्न सकिनेछ ।

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ । तर दरबन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारणबश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष पूरा नभएको भए पनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

४) स्थायी नियुक्ति लिएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि मात्र बाँकी रहेको शिक्षकको सामान्यतया सरुवा गरिने छैन ।

५) स्वीकृत दरबन्दी र राहत अनुदान कोटामा कार्यरत करार शिक्षकहरुको सरुवा गर्न आवश्यक भएमा यसै दफा बमोजिम सरुवा गर्न सकिनेछ ।

**२४. शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था** : (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिश गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिश गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य-अध्यक्ष

ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको एक जना कर्मचारी-सदस्य

ग) सम्बन्धित विषय विशेषज्ञहरु मध्ये दुईजना -सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य–सचिव

२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

३) शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले शिक्षा शाखा प्रमुखमार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भएपछि सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक छनौट समितिको सिफारिशमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखाबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

५) राहत अनुदान कोटामा करार शिक्षक छनौट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ ।

६) स्थायी अध्यापन अनुमति पत्र नलिई कोही पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन । तर प्रथम पटक प्रकाशित विज्ञापनमा विज्ञान, कम्प्यूटर विज्ञान, लेखा, अर्थ शास्त्र विषयको हकमा अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवारको दरखास्त नपरेको खण्डमा पुनः म्याद थप गरी विज्ञापन भएमा अध्यापन अनुमति पत्र नभएको उम्मेदवारको दरखास्त समेत लिन सकिनेछ ।

७) करारमा शिक्षक नियुक्ति गर्दा कम्तिमा १५ दिनको म्याद राखी खुल्ला विज्ञापन गर्नुपर्नेछ । सो विज्ञापनको प्रति गाउँ कार्यपालिकाको कार्यालय, सम्बन्धित वडा कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ र विद्यालयमा टाँस गरी सोको मुचुल्का राख्नुपर्नेछ र स्थानीय पत्रपत्रिकामा समेत विज्ञापन प्रकाशन गर्नुपर्नेछ । अन्य प्रक्रिया तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

८) बाल विकास सहयोगी कार्यकर्ताको नियुक्ति देहाय बमोजिम हुनेछ ।

क) बाल विकास सहयोगी कार्यकर्ता/सहजकर्ताको छनौट प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को आधारमा ४० पूर्णांकको वस्तुगत तथा ६० पूर्णांकको विषयगत गरी कूल १०० पूर्णांकको लिखित तथा २५ पूर्णांकको मौखिक परीक्षाको आधारमा खुल्ला विज्ञापन मार्फत गरिनेछ ।

ख) बाल विकास सहयोगी कार्यकर्ता/सहजकर्ताको उम्मेदवार हुन चाहिने न्यूनत्तम आधारः

-न्यूनत्तम शैक्षिक योग्यता : एस.एल.सी.वा सो सरह

-नेपाली नागरिक

-स्थानीय विवाहित महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

ग) नियुक्ति सम्बन्धी अन्य प्रक्रृया उफदफा ७ र तोकिए बमोजिम हुनेछ ।

९) पालिका शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था : (१) आफ्नो गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटामा कार्यरत शिक्षक नपुग वा अपर्याप्त भएमा गाउँपालिकाले आफ्नै स्रोतबाट खर्च व्यहोर्ने गरी आवश्यक संख्यामा तहगत तथा विषयगत शिक्षकहरु करारमा नियुक्ति गर्न सक्नेछ । यसरी नियुक्त शिक्षकलाई विद्यालयमा पदस्थापन गरी निजको तलब भत्ताका लागि आवश्यक रकम वार्षिक एकमुष्ठ वा चौमासिक रुपमा विद्यालयलाई अनुदान उपलब्ध गराउनेछ ।

२) पालिका शिक्षक भर्ना,छनौट र नियुक्ति गरी आवश्यक भएको विद्यालयमा वितरण/पदस्थापन गर्न गाउँपालिकाले देहाय बमोजिमको एक पालिका शिक्षक छनौट समिति गठन गर्न सक्नेछ :–

क) अध्यक्ष, परवानीपुर गाउँपालिका अध्यक्ष

ख) उपाध्यक्ष, परवानीपुर गाउँपालिका सदस्य

ग) सामाजिक विकास समितिका संयोजक सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत,परवानीपुर गाउँपालिका सदस्य

ङ) गाउँ शिक्षा समितिबाट मनोनित सामुदायिक विद्यालयका प्र.अ.हरु मध्ये एक जना सदस्य

च) गाउँपालिकाको अध्यक्षले मनोनित गरेको कार्यपालिकाको महिला सदस्यहरु मध्येबाट एक जना सदस्य

छ) शिक्षा शाखा प्रमुख सदस्य–सचिव

३) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए पालिका शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

४) पालिका शिक्षक छनौट समितिको काम,कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६. विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान** : (१) गाउँपालिकाले सामुदायिक विद्यलायहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ ।

क) विद्यालयको विद्यार्थी संख्या

ख) विद्यालयको शिक्षक संख्या

ग) विद्यालयको सिकाई उपलब्धी

घ) विद्यालयको आर्थिक अवस्था

२) गाउँपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम गाउँपालिकाले अनुदान दिन सक्नेछ ।

३) विद्यालयले प्राप्त गरेको रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ ।

४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौति गरिने छैन ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा र विद्यलायको तह वा कक्षा घटेकोमा वा समायोजन भएको त्यस्तो विद्यालयलाई दिंदै आएको अनुदान रकममा कटौ तिगर्न कुनै बाधा पर्ने छैन ।

**२७. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने** : (१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुबीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार, साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२८. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने**: (१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२९.** **निर्देशन दिन सक्ने** : (१) कार्यपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।
२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**३०.** **अनुमति वा स्वीकृति रद्द गर्ने** : (१) कुनै विद्यालयले यो ऐन र यस अन्तर्गत बनेका नियमावली,निर्देशिका,कार्यविधि,मापदण्ड वा गाउँपालिकाले दिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति गाउँपालिकाले रद्द गर्नेछ।

**३१.** **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने** : (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा सिकाई सहजीकरण गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।
२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३२.** **बालबालिकालाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने** : (१) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

**३३.** **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा दण्ड सजाय** : (१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनुपर्नेछ ।
२) शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता तोकिनेछ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।
३) तोकिएको आचारसंहिताको पालना नगरेमा एवं देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ ।
क) पदीय दायित्व पूरा नगरेमा,
ख) विना सूचना लगातार १५ दिन भन्दा बढी समय विद्यलायमा अनुपस्थित रहेमा,
ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,
घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,
ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

स्पष्टिकरण : यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रिय स्तर वा प्रदेश स्तर वा जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।

छ) शिक्षक तथा कर्मचारीलाई दिइने प्रोत्साहन तथा पुरस्कार एवं दण्ड सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४. पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**३५. अदालतको आदेशबाट पुनःबहाली हुन सक्ने** : (१) दफा (३१) मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैंसला बमोजिम नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

२) उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षक/कर्मचारीले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब,भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुने** : (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने तथा विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना,निर्वाचन सम्बन्धी काम,प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य काममा खटाउन सकिनेछ ।

**३७. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने** : नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**३८. स्थायी आवासीय अनुमति लिन नहुने** : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनहुँदैन । यो दफा प्रारम्भ हुनु अघि वा पछि कसैले स्थायी आवासीय अनुमति लिएको पाइएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको

सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ। यसरी बर्खास्त हुने शिक्षक वा कर्मचारीले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ।

**३९. कर्मचारी सम्बन्धी व्यवस्था** : विद्यालयमा रहने कर्मचारीको दरबन्दी,नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ।

**४०. शिक्षक विद्यार्थीको अनुपात, विद्यालयमा रहने शिक्षक दरबन्दी, दरबन्दी मिलान तथा थप शिक्षक सहायता** : शिक्षक विद्यार्थीको अनुपात,विद्यालयमा रहने तहगत तथा विषयगत शिक्षक दरबन्दी,दरबन्दी मिलान तथा थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ।

**४१. शिक्षक तथा कर्मचारीको तलब भत्ता,तालिम,बढुवा तथा वृत्ति विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।**

**४२. ट्युसन, कोचिङ्, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था**

(१) ट्युसन,कोचिङ,शैक्षिक परामर्श सेवा,भाषा शिक्षण कोर्ष,पूर्व तयारी कक्षा लगायतका सेवा सञ्चालन गर्न गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ।

(२) ट्युसन,कोचिङ,शैक्षिक परामर्श सेवा,भाषा शिक्षण कोर्ष,पूर्व तयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४३. नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही गाउँ कार्यपाकिले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु
ख) विद्यालयको छात्रवृत्ति
ग) विद्यालयलाई दिइने अनुदान
घ) प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन तथा व्यवस्थापन
ङ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण तथा मूल्यांकन
च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान
छ) विद्यालय नक्सांकन र समायोजन
ज) प्रति विद्यार्थी लागतका आधारमा दिइने अनुदान
झ) माध्यमिक तहको कक्षा ११ र १२ मा शिक्षक व्यवस्थापन
ञ) प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन
ट) विद्यालयस्तरीय सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम
ठ) विद्यालयको सम्पत्तिको सुरक्षा
ड) विद्यालयको नामाकरण

ढ) विद्यालयमा छात्रावास सञ्चालन सम्बन्धी व्यवस्था
ण) विद्यालयको पाठ्यक्रम,पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री
त) विशेष तथा समावेशी शिक्षा
थ) अनौपचारिक तथा निरन्तर शिक्षा
द) दूर तथा खुल्ला शिक्षा
ध) गाउँ शिक्षा कोष
न) विद्यालयको कोष
प) विद्यालयको पुस्तकालय र वाचनालय
फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा
ब) शिक्षक, कर्मचारी तथा विद्यार्थीको आचारसंहिता
भ) विद्यार्थी सल्लाह तथा मार्गदर्शन सेवा
म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम
य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा
र) विद्यालयको झण्डा,चिन्ह र प्रार्थना
ल) विद्यालयस्तरीय परीक्षा
व) स्थानीय पुस्तकालय र वाचनालय
श) अभिभावक शिक्षा
ष) प्रोत्साहन तथा पुरस्कार

**४४. विद्यालयमा दिवा खाजा व्यवस्थापन तथा नियमन :** सामुदायिक विद्यालयमा दिवा खाजा व्यवस्थापन तथा नियमन प्रचिलत नेपाल कानून तथा तोकिए बमोजिम हुनेछ ।

**४५. संक्रमणकालिन व्यवस्था** : (१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली,निर्देशिका,माफदण्ड तथा कार्यविधि नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**४६. बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको कार्यान्वयनमा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ ।

**४७. बचाउ र लागु हुने** : (१) यस ऐन अन्तर्गत बनेका दफामा लेखिएका कुराहरु यसै ऐन बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

२) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय संघीय कानून वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

गाउँसभाबाट स्वीकृत मितिः २०७८।०३।३१
प्रमाणीकरण मितिः २०७८।०९।२०

आज्ञाले,
सुनिल चौरसिया
प्रमुख प्रशासकीय अधिकृत